# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, मंसीर १९ गते २०४० साल (संख्या ३३


## महालेखा परीक्षकको विभागको

## सूचना

### महालेखा परीक्षकको विभागका पदाधिकारीहरू सम्बन्धी (आठौं संशोधन) नियमावली, २०४०

महालेखा परीक्षकको विभागका पदाधिकारीहरू सम्बन्धी नियमावली, २०१८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

लेखापरीक्षण ऐन, २०१८ को दफा ३ को उप-दफा (२) र दफा १० को उप-दफा (२) ले दिएको अधिकार प्रयोग गरी महालेखा परीक्षकले बनाएको देहायको नियमावलीमा श्री ५ महाराजाधिराजबाट स्वीकृति बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "महालेखा परीक्षकको विभागका पदाधिकारीहरू सम्बन्धी (आठौं संशोधन) नियमावली, २०४०" रहेको छ ।

(२) यो नियमावलीको,–

(क) नियम २,३,४,५ र ७ तुरुन्त प्रारम्भ हुनेछ ।

(ख) नियम १४ को उप-नियम (७), २०३७ भाद्र ३० गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

(ग) नियम १० र ११, २०३८ वैशाख १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

(घ) माथि खण्ड (क), (ख) र (ग) मा लेखिएका बाहेक बाँकी नियमहरू, २०३८ श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. महालेखा परीक्षकको विभागका पदाधिकारीहरू सम्बन्धी नियमावली, २०१८ को नियम २.३ मा संशोधनः महालेखा परीक्षकको विभागका पदाधिकारीहरू सम्बन्धी नियमावली, २०१८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २.३ को उप-नियम (३) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) सेवाको तृतीय श्रेणीको रिक्त पदमध्ये पचास प्रतिशत पदमा खुल्ला प्रतियोगिताद्वारा र बाँकी पचास प्रतिशत रिक्त पदमध्ये तीस प्रतिशत पदमा सेवाको र नेपाल प्रशासन सेवाको लेखा समूहको राजपत्र अनंकित प्रथम श्रेणीमा पाँच वर्ष सेवा अवधि पुगेका कर्मचारीहरूलाई लोक सेवा आयोगबाट लिइने लिखित परीक्षाको आधारमा र बीस प्रतिशत पदमा सेवाको राजपत्र अनंकित प्रथम श्रेणीमा पन्ध्र वर्ष सेवा अवधि पुगेका कर्मचारीहरूलाई लोक सेवा आयोगबाट लिइने अन्तरवार्ताको आधारमा, र"

३. मूल नियमावलीको नियम ३.२ मा संशोधनः मूल नियमावलीको नियम ३.२ को सट्टा देहायको नियम ३.२ राखिएको छः–

"३.२ बढुवाः सेवाको राजपत्राङ्कित तृतीय श्रेणीभन्दा माथिको श्रेणीको रिक्त पदहरू पूर्ति गर्दा बढुवा गरिने पदभन्दा एक तहमुनिको पदमा कम्तिमा पाँच वर्ष सेवा अवधि पूरा भइसकेका पदाधिकारीहरूमध्येबाट विशिष्ट श्रेणीमा शतप्रतिशत बढुवाद्वारा तथा प्रथम र द्वितीय श्रेणीको पदमा पचहत्तर प्रतिशत बढुवाद्वारा र बाँकी पच्चीस प्रतिशत लोक सेवा आयोगबाट लिइने आन्तरिक प्रतियोगितात्मक बढुवा परीक्षाद्वारा पूर्ति गरिनेछ ।"

४. मूल नियमावलीमा नियम ३.३ थपः मूल नियमावलीको नियम ३.२ पछि देहायको नियम ३.३ थप गरिएको छ :–

"३.३ बढुवा समितिः बढुवाद्वारा पूर्ति गरिने पदहरूमा बढुवाको सिफारिश देहायको सदस्यहरू भएको बढुवा समितिले पेश गर्नेछः–

(क) लोक सेवा आयोगका अध्यक्ष वा निजले मनोनीत गरेको लोक सेवा आयोगका सदस्य र

(ख) महालेखा परीक्षक वा निजले मनोनीत गरेको महालेखा परीक्षकको विभागको राजपत्राङ्कित पदाधिकारी ।"

५. मूल नियमावलीको नियम ५.२ मा उप-नियम (२) थपः मूल नियमावलीको नियम ५.२(१) पछि देहायको उप-नियम (२) थपिएको छः–

"(२) विभिन्न धर्म संस्कृति मात्रै जाति सम्प्रदायका पदाधिकारीहरूलाई परम्परागत चलिआएको रीतिस्थिति अनुसार आ-आफ्नो चाहाड पर्व, समारोह मनाउन उप-नियम (१) अनुसारको भैपरी आउने बिदा दिन ६ को



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अतिरिक्त वर्षमा ३ (तीन) दिन पर्व बिदा जो जसको चाहाड पर्व समारोह पर्दछ सो दिन सम्बन्धित पदाधिकारीले विभागमा सूचना गरी बिदा बस्न पाउनेछ ।"

६. मूल नियमावलीको नियम ५.३ मा संशोधनः मूल नियमावलीको नियम ५.३ को,–

(१) उप-नियम (२) मा रहेको "एक सय बीस" भन्ने शब्दहरूको सट्टा "एक सय पचास" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप-नियम (४) मा रहेको "घर बिदाको" भन्ने शब्दहरूको सट्टा "घर बिदाबाट बढीमा एक सय बीस दिनसम्मको" भन्ने शब्दहरू राखिएका छन् ।

७. मूल नियमावलीको नियम ५.८क. मा संशोधनः मूल नियमावलीको नियम ५.८क. को सट्टा देहायको नियम ५.८क. राखिएको छ ।

"५.८क. प्रसूति बिदाः (१) सेवाका महिला कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ६० दिन प्रसूति बिदा पाउनेछ ।

(२) यस्तो प्रसूति बिदा बसेको महिला कर्मचारीले पूरा तलब पाउनेछ ।

(३) यस्तो बिदा बढीमा तीन बच्चा भएसम्मलाई मात्र दिइनेछ । सोभन्दा बढी बच्चा हुने महिला कर्मचारी सुत्केरी हुँदा आवश्यक पर्ने बिदा निजको पाकेको वा पाक्ने जुनसुकै बिदाबाट कट्टी हुने गरी लिनु पर्नेछ ।

(४) उप-नियम (३) मा उल्लेख भए अनुसारको अभिलेख अद्यावधिक बनाई राख्नुपर्नेछ ।"

८. मूल नियमावलीको नियम ६.७ पछि नियम ६.८ थपः मूल नियमावलीको नियम ६.७ पछि देहायको नियम ६.८ थप गरिएको छ ।

"६.८ दुर्गम स्थानमा बसेमा मात्र दुर्गम भत्ता पाउनेः दुर्गम भत्ताका सम्बन्धमा कुनै पनि पदाधिकारीले दुर्गम भनी तोकिएको स्थानमा बसी काम गरेको भएमा मात्र पाउने र पदस्थापना दुर्गम स्थानमा भएको तर काजमा वा अन्य रूपमा सुगम स्थानमा बसी काम गरिरहेको कर्मचारीले भने दुर्गम क्षेत्र भत्ता वा यस्तै अन्य सुविधा पाउनेछैन ।"

९. मूल नियमावलीको नियम ७.२ मा संशोधनः मूल नियमावलीको नियम ७.२ को सट्टा देहायको नियम ७.२ राखिएको छः–

"७.२ स्वेच्छिक अवकाशः (१) बीस वर्षसम्म नोकरी गरिसकेका पदाधिकारीलाई निजको इच्छा भएमा महालेखा परीक्षकले नोकरीबाट अवकाश लिने अनुमती दिन सक्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) बीस वर्ष वा सोभन्दा बढी समयसम्म नोकरी गरिसकेका पदाधिकारीले साठी वर्षको उमेर नपुग्दै अवकाश लिन चाहेमा सो उमेर पुग्ने मितिले जति वर्षअघि अवकाश लिन चाहेको छ त्यति वर्षको निवृत्तभरण एकमुष्ट पाउनेछ । यसरी पाउने निवृत्तभरण सात वर्षको भन्दा बढी हुनेछैन ।

उदाहरणः यस अनुसार त्रिपन्न वर्षसम्म उमेर पुगेकोले सात वर्षको, चवन्न वर्ष उमेर पुगेकोले ६ वर्षको र उनान्साठी वर्ष उमेर पुगेकोले एक वर्षको मात्र निवृत्तभरण एकमुष्ट पाउनेछ ।

(३) उप-नियम (२) बमोजिम अवकाश लिने पदाधिकारीले पाउने निवृत्तभरणको हिसाब गर्दा निजको जम्मा नोकरी वर्षमा सोही उप-नियम बमोजिमको अवधि र सो अवधिमा ग्रेड वृद्धि पाउने भए सो समेत थपी हिसाब गरिनेछ ।

(४) उप-नियम (२) बमोजिम पदाधिकारीले जति वर्षको निवृत्तभरण अग्रिम रूपमा एकमुष्ट लिएको हो सो अवधि भुक्तानि भएपछि यस परिच्छेद बमोजिम पाउने निवृत्तभरण पाउन थाल्नेछ ।

(५) यस नियम बमोजिम स्वेच्छिक अवकाश लिन पाउनेको संख्या प्रत्येक आर्थिक वर्षको निमित्त महालेखा परीक्षकले तोके बमोजिम हुनेछ ।"

१०. मूल नियमावलीको नियम ७.३ मा संशोधनः मूल नियमावलीको निमय ७.३ को प्रतिबन्धात्मक वाक्यांश (१) को सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश (१) राखिएको छः–

"(१) खण्ड (क), (ख) र (ग) अनुसार पाउने उपदानको रकम पदाधिकारी अवकाश हुँदाको अवस्थामा विशिष्ट श्रेणीको प्रचलित तलब स्केलको शुरू तलब अङ्कको हिसाबले हुने क्रमशः ६ महीना, १२ महीना र १८ महीनाको तलबभन्दा बढी हुनेछैन र अस्थायी पदमा वा अस्थायी नियुक्ति हुने पदमा नियुक्ति भएको पदाधिकारीले यस नियम बमोजिम उपदान पाउन सक्नेछैन ।"

११. मूल नियमावलीको नियम ७.४ मा संशोधनः मूल नियमावलीको नियम ७.४ को प्रतिबन्धात्मक वाक्यांश (२) मा रहेको "यस नियमानुसार पाउने निवृत्तभरणको रकम मासिक रू. ७५०।– भन्दा बढी हुनेछैन ।" भन्ने शब्दहरूको सट्टा "यस नियम अनुसार पाउने निवृत्तभरणको रकम पदाधिकारी अवकाश हुँदाको अवस्थामा विशिष्ट श्रेणीको प्रचलित तलब स्केलको शुरू तलब अङ्कको आधा रकमभन्दा बढी हुनेछैन ।" भन्ने शब्दहरू राखिएका छन् ।

१२. मूल नियमावलीमा नियम ७.४ क. थपः मूल नियमावलीको नियम ७.४ पछि देहायको नियम ७.४ क. थपिएको छः–

352

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"७.४क. निवृत्तभरणमा वृद्धि : (१) बहालवाला पदाधिकारीको तलब वृद्धि
हुँदा तलब स्केलको शुरू अङ्कमा जति प्रतिशतले वृद्धि भएको छ निवृत्त-
भरण पाइरहेका व्यक्तिको पनि निजले खाइपाई आएको निवृत्तभरणको
अङ्कमा सोही प्रतिशतको दुई-तिहाईका दरले वृद्धि गरिनेछ ।
उदाहरणको लागिः कुनै श्रेणीको तलबको टाइम स्केलको शुरू अङ्क रू.
२५५।– छ सोभन्दा एक तहमाथिको अर्को श्रेणीको टाइम स्केलको शुरू
अङ्क रू. ३७०।– छ । यस्तो स्थितिमा रू. २५५।– खानेको ३० प्रतिशतले
र रू. ३७०।– खानेको २७ प्रतिशतले तलब बढेको खण्डमा २५५।– देखि-
माथि ३७०।– सम्म निवृत्तभरण पाउनेले पनि रू. ३७०।– खानेको तलब-
को वृद्धि प्रतिशतको दुई-तिहाई अर्थात् निवृत्तभरणको १८ प्रतिशतले वृद्धि
पाउँछ । यस अनुसार ३००।– निवृत्तभरण पाउनेको रू. ३५४।– हुन्छ ।

(२) प्रचलित तलबको स्केलको न्यूनतम अङ्कभन्दा कम रकम निवृत्त-
भरण पाइरहेका व्यक्तिको निवृत्तभरणमा वृद्धि गर्ने प्रतिशत कायम गर्दा
तलबको न्यूनतम स्केलमा भएको वृद्धिको प्रतिशतलाई न आधार मानिनेछ ।
उदाहरणको लागिः सबैभन्दा तल्लो शुरू तलब अङ्क रू.२५०।–मा ३० प्रति-
शतले तलब वृद्धि भएको छ, निवृत्तभरण भने सोभन्दा कम मासिक रू.७५।-
पाइरहेको छ भने त्यस्ता निवृत्तभरणवालाहरूलाई उक्त तलबको वृद्धि
प्रतिशतको दुई-तिहाई अर्थात् २० प्रतिशतका दरले खाइपाई आएको निवृत्त-
भरणको अङ्क रू. ७५।– मा रू. १५।– थप हुनेछ । अतः रू. २५०।– र सो-
भन्दा कम निवृत्तभरण खाने जति सबैको यसै प्रकारले वृद्धि हुनेछ ।

(३) उप-नियम (१) बमोजिम निवृत्तभरणमा वृद्धि गर्दा कसैको
निवृत्तभरणको अङ्क साविकमा निजको भन्दा कम पाउने व्यक्तिको अङ्क-
भन्दा कम हुन जाने भएमा निजले पाउने अङ्क त्यस्तो व्यक्तिले पाएको अङ्क-
भन्दा कम हुनेछैन ।
उदाहरणको लागिः रू. १५०।– खानेसम्मलाई ४४.४४ प्रतिशत र रू.
१५०।– भन्दा बढी खानेलाई ४०.४ प्रतिशत थपिएको छ भने यसबाट
१५०।– खानेको ४४.४४ प्रतिशतले रू. ६६।६६ थप भै रू. २१६।६६ पुग्छ
भने रू. १५१।– खानेको ४०.४ प्रतिशतले रू. ६१।– थप भै रू.२१२।– मात्र
पुग्छ, यसमा रू. १५१।– खानेको रू. १५०।– को भन्दा कम हुने भएकोले
यस्तोमा रू. १५१।– खानेको पनि रू. २१६।६६ नै कायम गरिनेछ ।

(४) उप-नियम (१) बमोजिम निवृत्तभरणमा वृद्धि गर्दा नियम
७.४ को प्रतिबन्धात्मक वाक्यांश (२) मा तोकिएको अङ्कभन्दा बढी हुने
गरी वृद्धि गरिनेछैन ।

353

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. मूल नियमावलीको नियम ७.५ मा संशोधनः मूल नियमावलीको नियम ७.५ को उप-नियम (१) पछि देहायको उप-नियम (१क) थपिएको छः–

"(१क) पदाधिकारीको विधवा पत्नीले निजको पति नोकरीमा छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा उप-नियम (१) बमोजिम पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तभरण नपाउने भएमा वा निजको पतिले निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतीत भइसकेपछि मृत्यु भएकोमा निज पदाधिकारीको मृत्यु भएको मितिदेखि दश वर्षसम्म निजले पाउने निवृत्तभरणको आधा रकम पाउनेछ ।"

१४. मूल नियमावलीको निमय ७.८ मा संशोधनः मूल नियमावलीको नियम ७.८ को,–

(१) उप-नियम (१) मा रहेको "नब्बे प्रतिशत" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) उप-नियम (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छः–

"(ङ) आफ्नो घर वा डेरा छाडी अर्को जिल्लामा वा विदेशमा गई औषधि उपचार गराउँदा त्यस्तो स्थानसम्म पुग्दाको र फर्कंदाको बिरामीको र कुरूवा चाहिने अवस्था भए एकजना कुरूवासम्मको यातायात खर्चको पूरै रकम र खाना खर्च बापत निज बिरामी पदाधिकारीले नियमानुसार पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम"

(३) उप-नियम (२) मा रहेको "नौ महीना", "पन्ध्र महीना" र "अठार महीना" भन्ने शब्दहरूको सट्टा क्रमशः "बाह्र महीना", "अठार महीना" र "एक्काईस महीना" भन्ने शब्दहरू राखिएका छन् ।

(४) उप-नियम (४क) को सट्टा देहायको उप-नियम (४क) राखिएको छः–

"(४क) पदाधिकारीको सगोलको पति वा पत्नी, आमा, बाबु वा नाबालक छोरा छोरी बिरामी भएमा यस नियम बमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टा हुने गरी सो रकमको आधासम्म बील बमोजिम भएको उपचार खर्चको नब्बे प्रतिशत रकम सम्बन्धित कर्मचारीले लिन पाउनेछ । त्यस्तो उपचार खर्च माग गर्दा रोगको निदान (डाइग्नोसीस) उल्लेख गरिएको चिकित्सकको प्रेष्क्रिप्शन पनि पेश गर्नुपर्नेछ । यस उप-नियम बमोजिम पाउने उपचार खर्च एक पटकमा सम्बन्धित पदाधिकारीको एक महीनाको तलबभन्दा बढी हुनेछैन ।"

(५) उप-नियम (४क) पछि देहायको उप-नियम (४ख) र (४ग) थपिएका छन्ः–

"(४ख) कुनै पदाधिकारीको सगोलको पति वा पत्नी, आमा, बाबु वा नाबालक छोरा छोरी बिरामी भई विदेशमा गई उपचार गराउनु पर्दा वा स्वदेशमै अस्पताल भर्ना भई शल्यक्रिया वा उपचार गराउनु पर्दा अस्पतालमा लागेको बील बमोजिमको

३८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खर्च र अस्पतालको चिकित्सकको प्रेष्क्रिप्शन बमोजिम लागेको औषधि उपचारको खर्चको नब्बे प्रतिशत रकम उप-नियम (२) बमोजिम पदाधिकारीले पाउने रकम मध्येबाट पाउनेछ ।

(४ग) उप-नियम (४क) र (४ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि पदाधिकारीको सगोलको पति वा पत्नी, आमा वा बाबु कुनै सरकारी सेवामा वा सरकारी स्वामित्व वा नियन्त्रण भएको संस्थानको सेवामा बहालवाला कर्मचारी भएमा त्यस्तो उपचार खर्च पाउनेछैन ।"

(६) उप-नियम (७) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर अस्थायी कर्मचारी नोकरीबाट अलग हुँदा भने यस नियम बमोजिम बाँकी रहेको उपचार खर्च लिन पाउनेछैन ।"

(७) उप-नियम (८) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर निवृत्तभरण पाउने गरी सेवाबाट अवकाश पाएका पदाधिकारीले त्यस्तो बाँकी भए जति पूरै रकम एकमुष्ट निजले त्यसरी नोकरीबाट अलग हुंदा लिन पाउनेछ ।"

(८) उप-नियम (८) पछि देहायको उप-नियम (८क) र (८ख) थपिएको छः–

"(८क) उप-नियम (८) बमोजिम उपचारको रकम पाउने पदाधिकारीले पच्चीस वर्ष सेवा अवधि पूरा गरेको रहेछ भने सो नियम बमोजिम पाउने रकममा अर्को १० प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट निजले त्यसरी नोकरीबाट अलग हुँदा लिन पाउनेछ ।

(८ख) कुनै पदाधिकारी दश वर्षको सेवा अवधि नपुग्दै भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी बर्खास्त गरिएको अवस्थामा बाहेक अरू जुनसुकै बेहोराबाट नोकरीबाट अलग भएमा पनि दश वर्षको नोकरी अवधि मानी त्यसको दामासाहीले उप-नियम (८) अनुसार पाउने उपचार खर्च पाउनेछ ।"

(९) उप-नियम (१०) पछि देहायको उप-नियम (११), (१२), (१३) र (१४) थपिएका छन्ः–

"(११) दश वर्ष सेवा अवधि नपुगेको कुनै पदाधिकारीलाई औषधि उपचारको लागि खर्च दिंदा उप-नियम (२) मा तोकिएको रकमलाई दश वर्ष नोकरी गरे बापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ ।

तर उप-नियम (१२) को खण्ड (क) र (ख) को अवस्थामा निजले काम गरिसकेको अवधिको हिसाबबाट नपुग भएमा निजलाई उप-नियम (२) मा तोकिए बमोजिमकै रकम दिन सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१२) कुनै पनि पदाधिकारीलाई देहायको अवस्थामा बाहेक परिवार र आफ्नो निमित्त समेत गरेर एक वर्षमा निजले खाइपाई आएको डेढ महीनाको तलब बराबरको रकमभन्दा बढी उपचार खर्च दिइनेछैन ।

(क) यस नियम बमोजिम विदेशमा गई उपचार गराउनु पर्दा वा स्वदेशमै पनि अस्पतालमा भर्ना भई उपचार गराउनु पर्दा ।

(ख) उप-नियम (४ख) बमोजिम परिवारलाई उपचार गराउँदा ।

(१३) यस नियम बमोजिम पदाधिकारीले पाएको उपचार खर्चको विवरण खर्च लेख्ने कार्यालयले कर्मचारीको बिदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राख्नुपर्नेछ । साथै त्यस्तो विवरण सम्बन्धित विभागमा पनि पठाउनु पर्नेछ र सम्बन्धित विभागले त्यसको अभिलेख अद्यावधिक बनाई राख्नुपर्नेछ ।

(१४) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी स्वास्थ्य उपचारको दृष्टिकोणले ज्यादै नै पिछडिएको भनी तोकी दिएका जिल्लाका पदाधिकारीलाई लागेको रोग स्थानीय स्वास्थ्य सुविधाबाट उपचार हुन नसक्ने र निजको ज्यानलाई नै जोखिम हुने अवस्था परेको भनी सो जिल्लाको स्वास्थ्य केन्द्रको प्रमुखले सिफारिश गरेमा उपचारको लागि त्यस ठाउँबाट सबैभन्दा नजिकको नेपाल अधिराज्यभित्रको अरू कुनै अस्पतालमा लैजाँदा लाग्ने खर्च श्री ५ को सरकारले बेहोर्नेछ ।"

१५. <u>मूल नियमावलीको नियम ७.९ मा संशोधनः</u> मूल नियमावलीको नियम ७.९ को सट्टा देहायको नियम ७.९ राखिएको छः–

"७.९ <u>नोकरी अवधिको गणनाः</u> (१) यस परिच्छेदको प्रयोजनको निमित्त नोकरी अवधिको गणना गर्दा देहाय बमोजिम सरकारी सेवा वा पदमा गरेको नोकरी अवधिलाई गणना गरिनेछः–

(क) निजामती वा अरू जुनसुकै सरकारी सेवा वा पदमा स्थायी नियुक्ति भै सरकारी नोकरी गरेको जम्मा अवधि (बीचमा टुटेको भए सो टुटेको अवधि कटाई) ।

(ख) विकासको पदमा २०२३।१०।१४ भन्दा अघि नियुक्ति भई त्यस्तो पदमा गरेको सेवालाई अविछिन्न राखी स्थायीतर्फको सेवामा आएका कर्मचारीले विकासतर्फको पदमा गरेको सेवा अवधि (६ महीनाको अस्थायी पदमा नियुक्ति भएको र अर्काको पदाधिकार रहेको पदमा नियुक्ति भै काम गरेको अवधि बाहेक) ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदान पाइसकेको व्यक्ति निजामती पदमा नियुक्ति भएमा निजले पहिले पाएको उपदानको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको नोकरी जोडिनेछ ।

३८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप-नियम (१) अनुसार गणना गर्दा सस्पेण्डमा रहेको अवधिलाई समेत गणना गरिनेछ । तर असाधारण बिदा बसेको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछैन ।"

१६. मूल नियमावलीको नियम ११.१७ मा संशोधनः मूल नियमावलीको नियम ११.१७ को सट्टा देहायको नियम ११.१७ राखिएको छः–

"११.१७ दशैं खर्च पाउनेः (१) पदाधिकारीले खाइपाई आएको एक महीनाको तलब बराबरको रकम प्रत्येक वर्ष घटस्थापनाको पन्ध्र दिनअगाडि दशैं खर्चको रूपमा पाउनेछ । दशैं खर्च दिंदा बडादशैं भन्दा अघिल्लो महीना भुक्तान भै नसके तापनि अघिल्लो महीनाको तलब समेत खर्च लेखी दिनुपर्नेछ ।

(२) अस्थायी पदाधिकारीको हकमा घटस्थापनाको पन्ध्र दिनअगाडि ६ महीना सेवा अवधि पुगेको भए मात्र उप-नियम (१) बमोजिम दशैं खर्च दिइनेछ ।

तर–

(क) त्यस्तो पदाधिकारीको सेवा अवधि ६ महीना नपुगेको रहेछ भने निजलाई उप-नियम (१) बमोजिमको दशैं खर्च पेस्कीको रूपमा दिइनेछ र निजको सेवा अवधि ६महीना पुगेपछि मिह्रा गरी पेस्की फछ्र्यौंट गरिनेछ ।

(ख) त्यस्तो पदाधिकारीको सेवा अवधि ६ महीना नपुग्दै समाप्त भएमा ६ महीनाको दामासाहीले हुने रकम मिह्रा गरी बाँकी रकम असूलउपर गरिनेछ ।"

रामप्रसाद जोशी
महालेखा परीक्षक

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रंण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।